नेपाल सरकार

# ऊर्जा मन्त्रालय

# नेपाल-भारत सचिवस्तरीय संयुक्त जलस्रोत समिति (JCWR)को सातौं बैठकसम्बन्धी

## प्रेस विज्ञप्ति

नेपाल-भारत सचिवस्तरीय संयुक्त जलश्रोत समिति (Joint Committee on Water Resources-JCWR) को बैठक यही २४-२५ जनवरी २०१३ तदनुसार ११-१२ माघ २०६९ मा काठमाण्डौमा सम्पन्न भयो । जलस्रोत सम्बन्धी उक्त संयुक्त समितिमा नेपालको तर्फबाट २० सदस्यीय प्रतिनिधिमण्डलको नेतृत्व ऊर्जा मन्त्रालयका सचिव श्री हरिराम कोइरालाले तथा १२ सदस्यीय भारतीय प्रतिनिधिमण्डलको नेतृत्व भारत सरकारको जल संशाधन मन्त्रालयका सचिव श्री ध्रुव विजय सिंहले गर्नु भएको थियो ।

नेपाली प्रतिनिधिमण्डलमा ऊर्जा मन्त्रालय, परराष्ट्र मन्त्रालय, सिंचाइ मन्त्रालय, जल तथा ऊर्जा आयोगको सचिवालय, सिंचाइ विभाग, जलउत्पन्न प्रकोप नियन्त्रण विभाग, विद्युत विकास विभाग, जल तथा मौसम विज्ञान विभाग, नेपाल विद्युत प्राधिकरण, पञ्चेश्वर बहुउद्देश्यीय आयोजना तथा सप्तकोशी बहुउद्देश्यीय आयोजनाका उच्चस्तरीय प्रतिनिधिहरु सहभागी रहने र भारतको तर्फबाट भारतको जल संशाधन मन्त्रालय, भारतीय राजदूतावास, भारतीय केन्द्रीय जल आयोग, गंगा बाढी नियन्त्रण आयोग, उत्तराखण्ड तथा बिहार सरकारका उच्च पदाधिकारीहरु एवम् नेशनल हाइड्रोपावर कर्पोरेशनका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

बैठकमा पहिलेदेखि छलफल हुँदै आएका विषयहरु जस्तैः दुई देशबीच विद्युत् आदान प्रदान तथा अन्तरदेशीय प्रसारण लाइन निर्माण, नौमुरे जलविद्युत् आयोजना, सप्तकोशी उच्च बाँध तथा सुनकोशी कमला डाइभर्सनको सम्भाव्यता अध्ययन, पञ्चेश्वर बहुउद्देश्यीय आयोजना विकास, कोशी र गण्डक आयोजनाहरुसँग सम्बन्धित विभिन्न विषयहरु लगायत नेपाल-भारत सीमावर्ती क्षेत्रमा हुने बाढी नियन्त्रण सम्बन्धी विषयहरुमा सकारात्मक छलफल सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न भयो ।

छलफलमा सप्तकोशी उच्च बाँध सम्बन्धी अध्ययन गर्ने कार्यमा देखा पर्दै आएको स्थानीय अवरोधको विषय मुख्यतया कोशी बाढी पीडितहरुको क्षतिपूर्तिसंग गाँसिएको सन्दर्भ नेपाली पक्षबाट उठान भएकोमा उक्त क्षतिपूर्तिको विषय पूर्व स्थापित कोशी-गण्डक आयोजना संयुक्त समिति (Joint Committee on Koshi and Gandak Project) मार्फत अगाडि बढाउने सहमति भएको छ । यसका साथै पश्चिम राप्ती, खाँडो, बलान तथा लखनदेही नदीहरुमा भारतीय सहयोगमा तटबन्धको कार्य अगाडि बढाउने सहमति लगायत दोस्रो अन्तरदेशीय विद्युत प्रसारण लाइन, पञ्चेश्वर विकास प्राधिकरण गठन आदिको सम्बन्धमा कार्यहरु तदारुकताकासाथ अगाडि बढाउने समेत सहमति भएको छ ।

यस बैठकको मिनेट ऊर्जा मन्त्रालयको वेबसाईट (www.moen.gov.np) मा उपलब्ध छ ।

**श्रीरञ्जन लाकौल**
सहसचिव एवम् प्रवक्ता

काठमाण्डौ
मितिः २०६९।१०।१२